# जूनकीरी

## मासिक भित्ते पत्रिका

वर्ष– १, अंक– ६, पुस २०६०, (Jan., 2004) काठमाडौं


# बालबालिकाले सिंगो गाउँमा चेतना फैलाए

वर्षौंदेखि मरेको जनावरको मासु (सिनु) खाँदैआएका पर्वत जिल्ला पाखापानीको दमाईडाँडा गाउँका दलितहरू अहिले सिनु छुँदै छुँदैनन् । उनीहरूमा यो परिवर्तन आफैं आएको होइन । आफ्नै छोराछोरीको प्रेरणाले सिनु खाने चलन बन्द भएको हो ।

तीन वर्ष अघि गाउँमा गठन भएको नवकिरण बाल समूहले सिनु विरूद्धको अभियान शुरू गरेपछि पाखापानीका दमाई जातिमा यो चेतना आएको हो । शुरूमा बालबालिकाको अभियानविरूद्ध लागेपनि अहिले उनीहरू आफ्नै छोराछोरीलाई गुरू मान्न थालेका छन् ।

बालबालिकाले सिनु विरूद्ध अभियान सञ्चालन गर्दा थुप्रै समस्या झेल्नु परेको थियो । कतिले त हाम्रो थप्पड पनि खाए तर केटाकेटीको संगठन हार खाएन, अभिभावक रणबहादुर दर्जी भन्छन्- उनीहरूले गाउँमा भएका २९ दलितका घरपिच्छे सुराकी राखेका थिए । कसैको घरमा सिनु भित्रियो कि बालबालिकाको हुल जम्मा भएर मिल्काउन गइहाल्थे । अहिले बालबालिकाको कामप्रति खुशी हुँदै रणबहादुर भन्छन्- "तर छोराछोरीले हाम्रै लागि गरेका रहेछन् । उनीहरूको काममा हामीलाई गर्व छ ।"

समूहका सचिव गुप्तबहादुर परियार धेरै पटक गाउँमा केटाकेटीको समूह र सिनु ल्याउनेहरूबीच हात हालाहाल भएको अनुभव सुनाउँछन् । घरमा



तस्वीरः अनमोल

नवकिरण बाल समूहका पदाधिकारीहरू ।

भात नखाइदिने, सिनु विरूद्ध जुलुश र कार्यक्रम गर्ने आदि गरेपछि विस्तारै त्यो अभियान सफल भएको हो । समूहमा बालिकाहरूपनि सक्रिय भएर लागेका कारण समाजमा त्यसको असर छिटो परेको देखिएको छ । वोलमाया, इन्द्राकुमारी, गीता, मधुकुमारी, हेमकुमारी त्यो समूहका सक्रिय सदस्य हुन् । यी दलित बालबालिकालाई संगठित गर्ने चेतना त्यहीं कार्यरत गैरसरकारी संस्था आत्मनिर्भर विकास मञ्चले दिएको थियो । पर्वतका ५ गाविसका दलित वस्तीहरूमा शिक्षा, स्वास्थ्य, सरसफाई कार्यक्रम अर्न्तगत यो अभियान थालिएको थियो ।

बाल समूहका कारण गाउँमा जाँड रक्सी खाएर हो-हल्ला गर्ने काम पनि कम भएको छ । थोरै केटाकेटी मात्रै स्कुल जाने उक्त टोलबाट अहिले २७ जना केटाकेटी विद्यालय जान थालेका छन् ।

दमाई डाँडामा २९ घर दमाईहरू छन् । बाह्र सदस्यीय नवकिरण बाल समूहले आफ्नो अभियानमा सबै घरलाई समेटेर लगेको छ । घरमै पसेर सिनु फाल्दा कति त पछिसम्म पनि झगडा गर्न आए, समूहकी अध्यक्ष हेम कुमारी भन्छिन्- तर हाम्रो पछाडि अग्रज दाइ, दिदीहरू पनि थिए ।

समूहले डेढ वर्षदेखि मासिक रूपमा भित्ते पत्रिका पनि प्रकाशन गर्छ । समूह गठन गरिदिने संस्था आत्मनिर्भर विकास मञ्चकी कार्यक्रम अधिकृत अन्जु न्यौपाने भन्छिन्- 'बालबालिका अगाडि बढ्दा वर्षौंदेखि आउन नसकेको चेतना पनि ल्याइदिन सक्दारहेछन् ।

● अनमोलमणि पौडेल

# भगवान खुशी पार्न बालिकालाई सहयोग

छोराछोरीलाई पढाउन नचाहने दलित अभिभावकहरू विभिन्न व्यक्ति र संस्थाले आर्थिक र भौतिक सहयोग उपलब्ध गराएपछि दुई वर्षका बालबालिकालाई समेत विद्यालय पठाउन थालेका छन् । यो कुनै दुर्गम गाउँको होइन- ललितपुर उपमहानगरपालिका वडा नं. १४, लोहाचोकस्थित अछामीटोलको यथार्थ हो ।

परम्परागत रूपमा छालाको काम गर्ने जातिको बसोबास रहेकैले यो टोल अछामीटोलको रूपमा परिचित छ । यहाँ २०४० सालमा चोइना विणा गुरू गणेश प्राथमिक विद्यालय खुलेको थियो । तर, मुस्किलले एसएलसी पास गर्नेको संख्या सात जना पुगेको छ टोलमा । शिक्षाको कमीले जीवनस्तर माथि उठ्न सकेको छैन ।

दाताहरू एकपछि अर्को गर्दै त्यस टोलका बालबालिकालाई आर्थिक सहयोग, लत्ताकपडा, भौतिक सुविधा जुटाउँदै आएका छन् । यसको पछिल्लो उदाहरण हो, सत्य साई केन्द्र पाटनमा आवद्ध तिखेदेवल क्षेत्रका केही महिला भक्तहरूको सहयोग ।

साईभक्त बीस महिला सदस्यले मासिक एक-एक सय रूपैयाँ संकलन गरी सहयोग आरम्भ गरे । सहयोगको प्राथमिकतामा दलित र जनजाति बालबालिका परेका छन् ।



तस्वीरः गणेश

बालकभन्दा बालिकाको भर्ना उत्साहजनक छ ।

कक्षा २ की कुमारी बिक, ३ कक्षाका बिपना अछामी र सम्झना मगरातीले यसै चालू शैक्षिक सत्रबाट सहयोग पाएका छन् । उनीहरूले एक-एक जोडी स्कुल यूनिफर्म, जुत्ता, मोजा, टाई, पुस्तक, कापी, विद्यालयले लिने वार्षिक शुल्क आदि सहयोग पाइसकेका छन् ।



बालिका शिक्षामा केन्द्रित रही प्रकाशित हुने, बालबालिकाहरू बीच लोकप्रिय बन्दै गएको जूनकीरी मासिक पत्रिका वितरण गरिनु अघि ।

तस्वीरः एम.डी. कुलुङ

विगत तीन वर्षदेखि अघि बढाइएको अभियानमा क्रियाशील साईभक्त महिलाहरू भन्छन्- "हामीले बाबाको सेवाभाव उपदेश दर्शनअनुसार शिक्षा क्षेत्रमा सानो सहयोग थालेका हौं । प्रचारप्रसार होस् भनेर होइन ।" ती बालिकाहरूलाई एसएलसीसम्मै निरन्तर सहयोग गर्ने उनीहरूको वचनवद्धता छ । अर्को वर्षदेखि थप छात्रालाई सहयोग पुऱ्याउने समेत उनीहरू बताउँछन् ।

यस प्राविमा करिब १ सय ५० विद्यार्थीमध्ये एक सयजति छात्रा छन् । शिशुदेखि छ कक्षासम्म पठनपाठन गराउन नौ शिक्षक कार्यरत छन् । लुमन्ती संस्थाको पहलमा टोलकै पहिलो एसएलसी उत्तीर्ण रमा रम्तेल (अछामी)लाई शिक्षिकाका रूपमा नियुक्ति गरिएपछि शिक्षाप्रति स्थानीयबासीको रूचि बढेको छ । प्रशासनिक खर्चबाट अर्की स्थानीय महिला आस्मा अछामी शिक्षिकाका रूपमा पूर्वप्राथमिक तह पढाउन खटाइएकी छन् ।

वाईएमसीए नामक संस्थाले पनि केही वर्षदेखि विद्यार्थीलाई सहयोग गर्दै आएको छ । यसपटक सो संस्थाले ४७ जनालाई स्कुल ड्रेस उपलब्ध गराइएको शिक्षिका सुवर्ण ढुंगाना र ईश्वरी थापा सुनाउँछन् । साईभक्त समिता राई र संगीता श्रेष्ठ (राई) दिदी-बहिनीले व्यक्तिगत रूपमै पचास बालबालिकालाई स्कुल ड्रेस र सबैलाई कापी, पेन्सिलको व्यवस्था गरिदिएका छन् । अर्कोतिर विद्यालयमा प्राप्त दलित छात्रवृत्ति र जेहेन्दार छात्रवृत्ति पनि कायम छ ।


शिक्षिका रमा भन्छिन्- 'सहयोग पाउनु ठूलो हौसला हो । टोलमा शिक्षाप्रति नयाँ पुस्ता जागरूक हुँदैछ ।' निमाविसम्म पनि पठनपाठन स्वीकृति लिन नसकेकोमा उनीहरूको एउटै गुनासो छ- "सात कक्षासम्म यहीं पढ्न र पढाउन पाएहुन्थ्यो ।"

● गणेश राई

# शाखा विद्यालयमा आकर्षण बढ्दैछ

एक किलोमिटरको दूरीमा रहेको राष्ट्रिय प्राथमिक विद्यालय, सिंहखोरमा तीन सय विद्यार्थीमध्ये बालिकाको संख्या करिव ६५ मात्र रहेको छ । तर नजिकै रहेको जनकल्याण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडद्वारा संयुक्त राष्ट्रसंघीय बालकोष (यूनिसेफ)को सहयोगमा सञ्चालित ज्योति प्राथमिक शिक्षा विस्तार कार्यक्रममा ठीक उल्टो तस्वीर देखिन्छ ।

कपिलवस्तु जिल्लाको सिंहखोर गाविस-५ को सार्वजनिक पोखरीको डिलमा बनाइएको छाप्रोमा सञ्चालित उक्त कार्यक्रम गाउँ विकास समितिमा दर्ता गरेर सञ्चालन गरिएको छ । गाउँलेहरूको सक्रियतामा सञ्चालित कार्यक्रममा ९६ जना विद्यार्थीमध्ये ५१ जना बालिकाहरू छन् । हाल ४ वटा कोठामा कार्यक्रमको कक्षा सञ्चालन गरिएको छ । चार जना शिक्षक दीपककुमार चौधरी, राजेन्द्र उपाध्याय, अरूणकुमार सैनी र रामबृक्ष कोहारले थोरै तलवमा पढाइरहेका छन् ।



शाखा विद्यालयको पनि समस्या भौतिक व्यवस्थापनसँगै जोडिएको छ ।

तस्वीरः भूपराज

सँगैको चालीस वर्षदेखि सञ्चालित प्राथमिक विद्यालयमा तीन सय विद्यार्थीको लागि पनि ४ जना मात्र शिक्षकहरू छन् ।

कार्यक्रममा ३ कक्षासम्म पढाएर कक्षा ४ मा पुगेपछि विद्यार्थीलाई स्थानीय प्राविमा भर्ना गरिन्छ । शिक्षक दीपककुमार चौधरीको भनाइ छ- "गाउँमा शाखा विद्यालयको प्रभाव राम्रो परेको छ । किताब, कलम र कापीको विद्यालयमा नै व्यवस्था गरिएको छ । तर गाउँमा बढिरहेको बालबालिकाहरूको चापको बारेमा पनि सोच्न सके राम्रो हुने थियो ।"

शाखा विद्यालयप्रति बालबालिकाको आकर्षण बढेपनि भवनको अभावमा गोठको सहारा र फर्निचरको अभावमा घरकै बोरा बोकेर आउनुपर्ने बाध्यता छ । जनकल्याण सहकारी संस्थाका शम्भु सेन भन्छन्- नजिकै प्राविको भवन छ तर फर्निचर छैन । शाखा विद्यालयको भवन पनि छैन र फर्निचर पनि छैन । जम्माजम्मी तीनवटा ब्ल्याकबोर्ड छन् ।

अभिभावकहरू आफ्ना बालबालिका शाखा विद्यालयमा नै पठाउन आतुर देखिएका छन् । शाखा विद्यालयमा शिक्षकले नियमित पढाउँछन, कापी, कलम दिन्छन् । तर नजिकै रहेको विद्यालयमा पढाइ हुँदैन । त्यति मात्र होइन, नयाँ बालबालिका समेत शाखा विद्यालयमा नै पठाउने रहर अभिभावकहरूमा छ । तर उनीहरूलाई के थाहा छैन भने शाखा विद्यालयमा वर्षेपिच्छे नयाँ विद्यार्थीको भर्ना लिइँदैन ।

● भूपराज खड्का

# नयाँ कार्यक्रमले बालबालिका लाभान्वित

बालकेन्द्रित शिक्षा कार्यक्रम लागू भएपछि आर्थिक अभावका कारण विद्यालय पुग्न नसकेका बालबालिकाहरू पढ्न जान थालेपछि गाउँमा परिवर्तन आएको छ ।

सप्तरी जिल्लाको इटहरी विसनपुर गाविसमा आएको यो परिवर्तनले गाउँका सवैमा उत्साह त ल्याएको छँदैछ, अभिभावकहरू बालबालिकाहरूलाई शिक्षा कार्यक्रममा सहभागी गराउन हौसिएका छन् । यूनिसेफको सहयोगमा हूकोडन संस्था मार्फत सप्तरी जिल्लामा उक्त कार्यक्रम सञ्चालित छ ।

६ वर्षीया सुगीयाकुमारी सदा सबैरै उठेर कलम र कापी बोकेर कक्षा पुग्न थालेकी छन् । सुँगुर पालन, बाँसको ढक्की, नाइलो, छिटी, लगायतका सामग्री बनाएर आमा-बाबुसँगै राजविराज बजार पुग्ने बालबालिका अभिभावकसँग बजार नगई कक्षामा पढ्न जाने गरेका छन् । १० वर्षीय दीलिप सदा मुसहर जस्ता धेरै बालबालिकाहरू बाल केन्द्रित शिक्षा कार्यक्रममा सहभागी भएको देख्दा आफूले पढ्न नपाए पनि



तस्वीरः शिवहरि

नयाँ कार्यक्रममा आकर्षित दलित बालिकाहरू

छोरीलाई पढाउन पाएकोमा जंगलादेवी मुसहर खुशी व्यक्त गर्छिन् ।

इटहरी विसनपुर गाविसमा हूकोडन मार्फत् सेभ द सप्तरी नामक संस्था कार्यक्रममा सहभागी रहेको छ । सप्तरी जिल्लामा जन्डोल, फत्तेपुर, कमलपुर र धर्मपुर गाविसमा हुकोडनले, पत्थरगढा गाविसमा सप्तरी सामुदायिक विकास केन्द्रले, मल्हनिया गाविसमा स्थानीय क्लवहरूले बालकेन्द्रित शिक्षा कार्यक्रम सञ्चालन गरेका छन् ।

७ गाविसको ४१ ठाउँमा कार्यक्रम सञ्चालन भएको र प्रत्येक केन्द्रमा २५ देखि ३० जनासम्म विद्यार्थीहरू समावेश गरिएको कुरा सेभ द सप्तरीका अध्यक्ष ध्रुव देवले जानकारी दिनुभएको छ ।

विद्यालयको अनुहार नदेखेका बालबालिकाहरूलाई कक्षामा पढ्न आउने वातावरण बनाइ कक्षा सञ्चालन हुने गरेको जानकारी हूकोडनका उपाध्यक्ष तथा कार्यक्रम संयोजक सुजीतकुमार पोखरेलले दिनुभयो । डुम, चमार, मुसहर, परियार, हलखोर, बाँतर जातिका बालबालिकाहरू यहाँ पढन आउने गरेका छन् ।

● शिवहरि भट्टराई

यूनिसेफ नेपालको सहयोगमा शिक्षा पत्रकार समूह, अनामनगरद्वारा प्रकाशित, फोनः ४–२५७६५५, इमेलः ejg@ntc.net.np, पो.ब.नं. २१८४३, मुद्रणः युनाइटेड ग्राफिक्स प्रिन्टर्स, न्यूप्लाजा, काठमाडौँ, फोनः ४–४२१४१०, सम्पादनः पदम गौतम